नेपाल सरकार
कृषि तथा पशु पन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

# क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७५

नेपाल सरकार

कृषि तथा पशु पन्छी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

# क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७५

## खण्ड १. पृष्ठभूमि

कृषि विकास रणनीतिको कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले विशिष्टिकृत बालीहरुको मूल्य शृंखलामा कार्य गर्दै आएको छ । प्रमुख कृषि उपजहरुको विशिष्टकृत क्षेत्रहरु निर्माण गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी मुल्य शृंखलाका अवयवहरु, उत्पादन सामग्रीको उत्पादन तथा बजारिकरण, उत्पादित कृषि उपजको सुरक्षित भण्डारण, प्रशोधन तथा विक्रि वितरण सम्बन्धी पुर्वाधारहरुको विकास सम्बन्धी अवधारणा यस परियोजनाको विशेषताको रुपमा रहेका छन् ।सोहि अनुरुप उत्पादित कृषि वस्तुहरुबाट कृषकहरुलाई उचित प्रतिफल दिलाउन तथा उपभोक्ताहरुलाई सहज रुपमा ताजा तथा गुणस्तरयुक्त स्थानिय कृषि उपजहरु (जस्तैः तरकारी, फलफूल, च्याउ, मह, माछा, मसु आदि) तथा प्रशोधित खाद्यवस्तुहरुः अचार, केचप, जुस, जाम, जेली, चिप्स आदि नियमित रुपमा उपलब्ध गराउन पूर्वाधार विकास गर्ने कार्यक्रमहरु परियोजनामा समावेश रहेका छन् ।

कृषि उपजहरुको उत्पादन उप्रान्त आवश्यक प्रशोधन, गुणस्तर प्रवर्द्धन तथा क्यानिङ्ग प्याकेजिङ्ग मार्फत मूल्य श्रृंखला अभिवृद्धि गर्ने प्रणाली विकास गर्न सकेमा कृषकहरुको आयआर्जन बढ्ने, उत्पादन वृद्धिमा थप प्रोत्साहन हुने र उपभोक्ताहरुलाई गुणस्तरीय स्वदेशी उत्पादन तथा स्थानिय कृषि उपजहरु नियमितरुपमा आपुर्ति हुने तथा आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न समेत अवसर सृजना हुन्छ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको पोष्टहार्भेष्ट सेन्टर स्थापना कार्यक्रम अन्तर्गत विभिन्न जिल्लाहरुमा निजी क्षेत्रमार्फत खाद्य वस्तु प्रशोधन तथा क्यानिङ्ग, प्याकेजिङ्ग उद्योग स्थापनाका लागि पूर्वाधार निर्माण तथा मेशीनरी औजार उपकरणहरु खरिदमा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेका छन् । यस किसिमका कृषि जन्य प्रशोधन उद्योगहरु स्थापना सम्बन्धी कार्यहरु निजीक्षेत्रको लागत सहभागितामा सञ्चालन गर्ने गरी प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाले निजी क्षेत्रलाई बहुवर्षिय कार्यक्रम अन्तर्गत बढिमा २ वर्ष भित्र सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्न एवं सञ्चालनमा ल्याउन प्रतिस्पर्धा र लागत सहभागिताको आधारमा **क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७५** तयार गरी लागु गरेको छ।

## खण्ड २. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

२.१ यस कार्यविधिको नाम क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७५ रहेको छ ।

२.२ यो कार्यविधि स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

२.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "परियोजना" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्झनु पर्दछ ।



सचिव

(ख) "कार्यक्रम" भन्नाले क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापनाका लागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यक्रम भन्ने सम्झनु पर्दछ ।

(ग) "भौतिक पुर्वाधार" भन्नाले क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योगका लागि आबश्यक पर्ने भौतिक पुर्वाधार (भवन, बिजुली, पानी, सडक आदि), प्रयोगशाला, प्रसोधन मेशिनरी, ग्रेडिङ्ग तथा प्याकेजिङ्ग मेशिनरी औजारहरु आदि सम्झनु पर्दछ ।

(घ) "क्यानिङ्ग" भन्नाले खाद्य वस्तुको सुरक्षित भण्डारणको एउटा विधिलाई बुझिनेछ जसमा खाद्यवस्तुको आवश्यक प्रशोधन पश्चात हावा नलाग्ने गरी बन्द भाडो वा डब्बामा भाण्डारण गरिन्छ।

(ङ) "प्याकेजिङ्ग" भन्नले कृषि वस्तुहरुको उत्पादन उपरान्त भण्डारण, प्रशोधन तथा वितरणका लागि बजार सम्म पु-याउन विभिन्न परिमाणमा छुट्टाछुट्टै प्याक गरिने प्रविधि तथा तरिकालाई सम्झनु पर्दछ ।

(च) "निजी संस्था" भन्नाले व्यवसायिक रुपमा कृषि पेशा व्यवसायलाई प्रवर्द्वन गर्ने उद्देश्यले नियमानुसार सम्बन्धित निकायमा दर्ता भएको निजी कम्पनीलाई जनाउने छ।

(छ) "मूल्य शृंखला" भन्नाले परियोजनाले निर्दिष्ट गरेका विभिन्न बाली वस्तुहरुको उत्पादन देखि उपभोग्य अवस्था सम्मका विभिन्न कार्य शृंखलाहरु जहाँ एक पछि अर्को तहमा लागत र संलग्नता थप भई मूल्य अभिबृद्धि हुँदै जाने समष्टिगत स्वरुपलाई सम्झनु पर्दछ ।

(ज) "प्रस्ताव" भन्नाले निजी क्षेत्रले क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापनाका लागि आवश्यक पर्ने प्रयोगशाला, सेड हाउस, प्रशोधन केन्द्र तथा आन्य मेशिनरी औजार उपकरण आदि पूर्वाधारहरु विकास गर्नका लागि अनुदान पाउन पेश गरेको आवेदन सम्झिनु पर्दछ ।

## खण्ड ३. उद्देश्य

३.१ यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) निजी क्षेत्रमा कृषि जन्य उत्पादनहरु तरकारी, फलफूल, मह, माछा मासु तथा डेरी आदिको प्रोसेसिङ्ग तथा क्यानिङ्ग प्याकेजिङ्ग उद्योग स्थापनाका लागि आवश्यक प्रयोगशाला, सेड हाउस, प्रसोधन मेशिनरी तथा क्यानिङ्ग प्यकेजिङ्ग सम्बन्धी पूर्वाधारहरुको स्थापना गर्ने ।

(ख) क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना तथा सन्चालन मार्फत कृषि जन्य उत्पादनहरुको उत्पादनोपरान्त गुणस्तर कायम राख्दै मूल्य श्रृखला अभिवृद्धि गर्ने र आवश्यक परिमाण र उचित मूल्यमा उपभोक्ताहरु बीच सहज उपलब्धता गराउने ।

(ग) प्रसोधन तथा क्यानिङ्ग प्याकेजिङ्ग सुविधाको विकास मार्फत उत्पादित बाली र वस्तुहरुको गुणस्तर प्रवर्द्धन गरी बजारिकरणमा टेवा पुर्याउने ।

(घ) उपभोक्ताहरुलाई गुणस्तरीय स्वदेशी उत्पादन तथा स्थानिय कृषि उपजहरु नियमितरुपमा आपुर्ति गराउदै आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने आधार तयार गर्ने ।

सचिव

## खण्ड ४. कार्यक्रम सञ्चालन प्रक्रिया

४.१ **क्षेत्र तथा कम्पनी छनौटका आधारहरु:** कार्यक्रम सञ्चालन क्षेत्र तथा कम्पनी छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्:

(क) यो कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको स्वीकृत बार्षिक कार्यक्रममा समाविष्ट भए बमोजिमका जिल्लाहरुमा तरकारी तथा फलफूल उत्पादन क्षेत्रहरुबाट उत्पादन भई आउने र बजारीकरणका हिसावले सम्भाब्य तथा महत्वपुर्ण स्थानमा सञ्चालन गरिनेछ।

(ख) स्थापना हुने क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योगका लागि क्षमता अनुसार उक्त उद्योग सञ्चालन गर्न आवश्यक परिमाणमा कृषि उत्पादनको सम्भाव्यता भएको हुनु पर्नेछ ।

(ग) प्रस्तावित क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापनाका लागि अनुसची १ मा उल्लेखित भए बमोजिमको मापदण्ड पुगेको हुनु पर्नेछ ।

(घ) यस कार्यविधि अनुरुप क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापनाका लागि निजीक्षेत्रबाट प्रस्ताव आब्हान गर्न प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाले ३० दिनको म्याद दिई राष्ट्रिय पत्रिकाबाट सूचना प्रकाशन गर्नेछ ।

(ङ) मापदण्ड पुरा गर्ने कम्पनिले अनुसूची २ मा उल्लेख भएका कागजातहरु संलग्न राखि आवेदन प्रस्ताव सूचनाको अन्तिम म्याद भित्र पेश गर्नुपर्नेछ ।

(च) मापदण्ड पुरा गर्ने कम्पनीले पेश गरेको प्रस्ताव कार्यविधिको दफा ४.३ मा गठित मूल्यांकन समितिले स्वीकृत मूल्याङ्कनका आधारमा मूल्यांकन गर्नेछ। प्रस्ताव उतिर्ण हुन, प्राविधिक ईन्जिनियरीङ्ग डिजाईन स्टिमेट तथा व्यवसायिक योजना प्रस्तावको मूल्याङ्कनमा न्यूनतम उतिर्ण अंक सहित कम्तिमा ७०% अंक प्राप्त गर्नु पर्नेछ र मूल्यांकनमा सवै भन्दा बढी अंक प्राप्त गर्ने प्रस्ताव, प्रस्तावित जग्गाको स्थलगत निरिक्षण पश्चात छनौटका लागि सिफारीस गरिनेछ।

(छ) प्रस्ताव सिलबन्दी गरि सूचनाको ३१औ दिनको १२.०० बजे भित्र पेश गर्नुपर्नेछ । सो प्रस्ताव नियम अनुसार आवेदकको उपस्थितिमा सोही दिनको अपरान्ह २:०० बजे खोलिनेछ । यदि सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ । सो समयमा उपस्थित नभएमा सिलबन्दी आवेदन खोल्न बाधा पर्नेछैन ।

४.२ **कार्यक्रम कार्यान्वयन:** यस कार्यक्रमको तर्जुमा र कार्यान्वयन देहाय बमोजिम हुनेछः

(क) यस कार्यक्रम सन्चालनका लागि प्राविधिक फोकल शाखाको रुपमा परियोजनाको प्रविधि बिस्तार तथा पुर्वाधार विकास शाखा रहनेछ।

(ख) परियोजनाले क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना गर्न चाहने नीजि कम्पनीहरुबाट आयोजना प्रस्ताव मागका लागि ३० दिन म्याद हुने गरी राष्ट्रियस्तरको दैनिक पत्रिका मार्फत प्रस्ताव आब्हान गरी सूचना प्रकाशन गर्नेछ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

(ग) यस कार्यविधिको अनुसुची-१ अनुसारको मापदण्ड पुगेका कम्पनीले माग आकृति फाराम (अनुसुची -२) भरी अनुसुची ३ अनुसारका आवश्यक कागजातहरु सहित परियोजना व्ययवस्थापन इकाईमा सूचनामा तोकिएको म्याद भित्र प्रस्ताव दर्ता गर्नु पर्नेछ।

(घ) सम्भाव्यताका आधारमा प्राप्त आवेदनहरुको मुल्याङ्कन प्रस्ताव छनौट समितिले गर्नेछ। छनौट समितले प्रस्ताव छनौट भए/नभएको सम्बन्धमा दर्ता गर्ने अन्तिम मितिले ३० दिन भित्र आवेदकलाई सुचित गर्नु पर्नेछ।

(ङ) सिफारिस भएका आवेदकहरुको प्रस्तावित ईन्जिनियरिङ्ग डिजाईन, लागत अनुमान तथा भौतिक पुर्वाधारहरुको Appraisal परियोजना र सम्बद्ध परामर्शदाताहरुले गर्नेछन्। यसको सर्वेक्षण तथा कार्यान्वयनको चरणमा आवश्यक पर्ने प्राविधिक रेखदेख, सुपरिवेक्षण परियोजना र सम्बद्ध परामर्शदाताहरुबाट हुनेछ ।

**४.३ प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिको गठन व्यवस्था:** कार्यक्रमका लागि प्राप्त प्रस्तावहरुको छनौटका लागि देहाय वमोजिमको प्रस्ताव मूल्यांकन समिति रहनेछ।

| | |
|---|---|
| (क) परियोजना निर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत | अध्यक्ष |
| (ख) वरिष्ठ कृषि अधिकृत, प्रविधि बिस्तार तथा पुर्वाधार विकास शाखा | सदस्य |
| (ग) कानुन उपसचिव/अधिकृत प्रतिनिधि, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख, परियोजनाको आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) वरिष्ठ अधिकृत, योजना तथा विकास समन्वय महाशाखा, कृ.प.वि. मन्त्रालय | सदस्य |
| (च) वरिष्ठ कृषि अधिकृत, अनुगमन तथा मूल्याङ्कन शाखा | सदस्य |
| (छ) वरिष्ठ योजना अधिकृत | सदस्य-सचिव |

समितिले आवश्यकताका आधारमा बढिमा २ जना सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

**४.४ मूल्यांकन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकारः**

(क) सूचना बमोजिम प्राप्त आवेदन प्रस्तावहरुको प्राविधिक मूल्यांकन एवं स्थलगत अनुगमन निरीक्षण गरी सफल ठहर भएका प्रस्तावलाई संझौताका लागि सिफारीस गर्ने ।

**४.५ अनुदान रकम स्वीकृती र संझौता**

(क) स्वीकृत बजेटको अधिकतम २.५ प्रतिशत रकम कन्टिन्जेन्सि कटाई बाकी रकम कार्यक्रममा उल्लेख भए बमोजिम उद्योग स्थापनाका लागि अनुदान दिईनेछ । कन्टिन्जेन्सी (Contingency) बापत कट्टा गरिएको रकम कार्यक्रम अनुगमन तथा सूचना प्रकाशन, बैठक भत्ता आदि आवश्यक कार्यहरुको लागि खर्च गरिने छ ।



सचिव

(ख) मूल्यांकन समितिबाट मूल्यांकन भई प्राप्त सिफारीसका आधारमा परियोजनाले नीजि उद्यमीसँग अनूसूची ५ अनुसार प्रतिवद्धता लिई संझौता गरि कायदिश दिनेछ ।

### ४.६ कार्यान्वयन प्रकृया:

(क) छनौट भएका कम्पनीहरुले कार्य प्रारम्भ गर्नुपूर्व नियमअनुसार नक्सा पास गराउनु पर्ने तथा आवश्यक अन्य प्रक्रियाहरु पुरा गर्नुपर्नेछ ।

(ख) क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापनाका लागि सम्पूर्ण भौतिक पुर्वाधार निर्माणको कार्य र मेशिनरी उपकरणको जडान लगायतका कार्यहरु सम्झौता मितिले बढिमा २ वर्ष भित्रमा सम्पन्न गरिसक्नु पर्नेछ । अन्य शर्तहरु सम्झौता बमोजिम हुनेछ ।

(ग) यसरी स्थापना हुने क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योगको भौतिक पुर्वाधारहरुको निर्माण तथा मेशिनरी उपकरण खरिद र जडानको लागि नेपाल सरकारबाट बढीमा ७०% अनुदान प्राप्त हुने छ र घटीमा ३०% लागत जग्गा बाहेक कम्पनीले बेहोर्नु पर्नेछ।

(घ)निर्माण कार्यको नियमित अनुगमन, सुपरिवेक्षण तथा प्राविधिक सेवा परियोजना तथा परामर्शतादाहरुबाट हुनेछ ।

(घ) संझौता पश्चात शुरुमा बैंक जमानतको आधारमा अनुदान रकमको बढीमा २०% प्रतिशत मोबिलाइजेसन पेश्की उपलब्ध गराउन सकिनेछ।

(ङ) कार्य प्रगती र सुपरिवेक्षणको आधारमा परामर्शदाताले पेश गरेको रनिङ्ग/अन्तिम बिललाई परियोजनाको प्राविधिकको सिफारिसमा नेपाल सरकारले व्यहोर्ने रकम पटक पटक गरी बढिमा ४ किस्ता (साधारणतया: पहिलो दोस्रो तेस्रो र चौथोमा क्रमश: २०, ३०, ३० र २०%) मा भूक्तानी गरिने छ । मेशिनरी औजारहरु तथा निर्माण सम्बन्धी सामाग्रीहरु बिदेशबाट आयात गर्नुपर्ने भएमा सोको Letter of Credit खोलेको बैंकको प्रमाणित कागजातहरुको आधारमा अनुदान रकमको बढिमा ५०% सम्म भुक्तानी दिन सकिनेछ ।

(च) साथै निर्माणको अन्तिम किस्ता भुक्तानीका लागि पेश गर्दा उद्योग सञ्चालन सम्बन्धी आचार संहिता पेश गरी स्वीकृती पाए पश्चात मात्र भुक्तानी गरिनेछ ।

(छ) नेपाल सरकारको नियमानुसार अग्रीम आयकर कट्टी गरिनेछ ।

(ज) खाद्य प्रशोधन तथा क्यानिङ्ग, प्याकेजिङ्ग उद्योगसंग सम्बन्धित मेशिनरी औजार लगाएत अन्य निर्माण सामाग्रीहरु जस्तैः सिमेन्ट, छड, गिट्टि, बालुवा, काठ, पफ प्यानल, प्रि फ्याव स्टिल स्ट्रकचर आदिमा लाग्ने सेवा शुल्क सम्बन्धित प्रस्तावदाताले व्यहोर्नु पर्ने र मू.अ.करको हकमा सम्झौता बमोजिमको प्रतिशतको आधारमा भुक्तानी गरिनेछ ।

## खण्ड ५. अनुगमन तथा मूल्याङ्कन व्यवस्था

५.१ सन्चालित कार्यक्रमहरुको नियमित अनुगमन केन्द्रिय निकाय कृषि तथा पशुपन्छी विकास मन्त्रालय र परियोजनाबाट हुनेछ।

५.२ अनुगमन निरीक्षणको क्रममा प्राप्त सुझाव तथा निर्देशनहरु प्रस्तावदाताले पालना गर्नुपर्नेछ ।

## खण्ड ६: विविध

६.१ निर्माण अवधि: क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग क्षमता र निर्माण प्रकृती अनुसार निर्माण अवधि सम्झौता मितिले बढीमा २ आर्थिक वर्षको हुनेछ । सम्झौतामा तोकिएको अवधि भित्र निर्माण सम्पन्न नगरेमा सो समयावधि भित्र जे जति निर्माण सम्पन्न भएको छ, सो को मात्र मूल्यांकन गरी हिसाव मिलान गरिनेछ ।

६.२ प्रारम्भिक कार्यः प्ररम्भिक कार्य स्वरुप पर्खाल, बार बन्देज, गेट. जमिन सम्याउने, फ्लोर तयार गर्ने, लगाएतका प्ररम्भिक निर्माण कार्यहरु आवेदन गर्न वा छनौट हुनु पुर्व गर्न पाईने छ, तर यसता सम्पन्न भैसकेका प्रारम्भिक निर्माण कार्यहरु उद्योगको लागत इस्टिमेटमा गणना गरिने छैन ।

६.३ दोहोरो सुविधा लिन नपाउने: प्रस्तावित कार्यको लागि नेपाल सरकारबाट यस अघि कुनै अनुदान वा बैंकबाट सोही कार्यका लागि ब्याज अनुदान प्राप्त गरेकाले यस कार्यक्रममा सहभागी हुन पाउने छैनन्।

६.४ यसरी अनुदान प्राप्त गरी निर्माण भएको क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग निर्माण सम्पन्न पश्चात ५ बर्ष सम्मका लागि कुनै बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन र बिक्री वितरण गर्न पाइने छैन । तर कम्पनीको नाममा रहेको जग्गा भने बैंकमा धितो राखी यसै कार्यका लागि मात्र ऋण लिन पाउनेछ ।

६.५ मूल्यांकन भई सम्झौताका लागि सिफारिस भएको प्रस्तावदाता कम्पनीसँग, अन्य जिल्लाका प्रस्तावहरुसँग तुलनात्मक समानता तथा औचित्यताका आधारमा परियोजनाले वार्ता गरी नेपाल सरकारको अनुदान रकम कम हुनेगरी, कम्पनीको लागत सहभागिताको रकम बृद्धि गर्न वार्ता मार्फत अनुरोध गर्न सक्नेछ ।

६.६ यो सुविधा पाएका कम्पनीहरुलाई नेपाल सरकारको प्रचलित कानून बमोजिम पाउने सुविधा बाहेक अन्य थप सुविधाको लागि सिफारिस गरिने छैन ।

६.७ यस परियोजना, परियोजना अन्तर्गत संचालित सुपर जोन र जोनहरुबाट आगामि बर्षहरुमा समेत स्थापना हुने खाद्य प्रशोधन तथा क्यानिङ्ग, प्याकेजिङ्ग उद्योग निर्माण तथा सन्चालन कार्य यसै कार्यविधि बमोजिम हुनेछ ।

६.८ यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

६.८ परियोजना कार्यान्वयन समितिले आवश्यकता अनुसार यस कार्यविधिमा परिमार्जन गर्न सक्नेछ ।

सचिव

अनुसुची १

## क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापनार्थ आवश्यक पर्ने संस्था /कम्पनीको मापदण्ड

१. प्रचलित कानुन बमोजिम सूचना प्रकाशन भएको मिति अगावै दर्ता भई स्थाई लेखा नम्वर लिएका उद्योग, संस्था / कम्पनीहरु यस कार्यक्रमका लागि योग्य मानिनेछन् । तर विगत देखि संचालित कम्पनीको हकमा अघिल्लो आर्थिक बर्षको व्यवसायिक कारोवारमा घाटामा नगएको हुनुपर्नेछ ।

२. संस्थाको विधान/प्रवन्धपत्र/नियमावली/दर्ता प्रमाणपत्रमा संस्थाको उद्देश्य खाद्य वस्तु प्रशोधन तथा क्यानिङ्ग, प्याकेजिङ्ग गर्ने / खाद्य उद्योग स्थापना तथा सन्चालन सम्बन्धी हुनुपर्नेछ ।

३. क्यानिङ्ग, प्याकेजिङ्ग उद्योग स्थापना गर्न न्युनतम १० रोपनी उपयुक्त जग्गा कम्पनीको आफ्नो नाममा वा संचालक सदस्यको नाममा हुनुपर्नेछ र छनौट भएको प्रस्तावको हकमा सम्झौता गर्नुपुर्व कम्पनीको नाममा जग्गा कायम गर्नु पर्नेछ । करारनामाको जग्गा मान्य हुने छैन ।

४. कम्पनीको जग्गा राजमार्गसंग जोडिएको वा राजमार्गमा पुग्न सकिने बाटो भएको वढीमा ५०० मि. भित्र सम्म हुनु पर्नेछ ।

५. सडक, विद्युत र थ्री-फेज लाइन भएको वा जडान गर्न सक्ने लगायतका आवश्यक पूर्वाधारहरुको व्यवस्थापन तथा सुलभ पहुंच भएको हुनु पर्नेछ ।

६. प्रस्तावदाताले संस्था / कम्पनीको तर्फबाट ब्यहोरिने ३०% लगानीका लागि बैकको आशय पत्र Letter of Intent स्पष्ट अंकमा र अक्षरमा उल्लेख गरेको तथा सुचना प्रकाशन भए पश्चात यस परियोजनालाई सम्बोधन गरी जारी भएको पेश गर्नु पर्नेछ । सो ३०% लगानीको हिस्सामा कम्पनीको जग्गा र अन्य चालु खर्च समावेश हुनेछैन ।

७. प्रस्ताव मूल्यांकनमा कृषि क्षेत्रको उत्पादन तथा बजार वयवस्थापनमा अनुभव भएको कम्पनीलाई प्राथमिकता दिईनेछ ।

८. यस अघि नेपाल सरकारबाट कृषि सम्बन्धि कुनै अनुदान प्राप्त गरेको कम्पनी भए उक्त अनुदानबाट संचालित योजना सफलता पुर्वक संचालन भैराखेको हुनुपर्नेछ ।

सचिव

## अनुसूची २
## प्रस्ताव माँग फाराम

१. संस्था/कम्पनीको नाम:

ठेगाना:

२. संस्था/कम्पनी दर्ता भएको मिति: दर्ता भएको कार्यालय:

३. सम्पर्क व्यक्तिको नाम: ईमेल: सम्पर्कनं.:

४. लाभान्वित कृषक संख्या: प्रत्यक्ष: अप्रत्यक्ष:

५. प्रक्षेपित कारोवार शुरु हुने मिति:

६. प्रक्षेपित कारोबार विवरण:

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. कारोवार क्षेत्र/जिल्लाहरु:

८. कम्पनीको चल अचल पूंजिको विवरण:

९. उपलब्ध हुने जग्गाको विवरण:

(क) पाखो (Up Land)/खेत (Low Land):

(ख) क्षेत्रफल:

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) सडकको पहुँच: मार्गको अवस्था:

फराकिलो: मुख्य सडक सम्मको दुरी:

यहाँ

प्रस्तावित उद्योग निर्माण हुने ठाउँ
नक्सामा देखाउनु होस् ।

(घ) विद्युतको क्षमता न्यूनतम ३ फेज आवश्यक पर्ने भएकोले सो संगको दुरी: ..की. मि.

छैन भने आवश्यक संभावना विवरण:

अन्य आवश्यक विवरणहरु उल्लेख गर्नु पर्नेभए:

१०.कम्पनीको आबश्यकता (भौतिक पुर्वाधार तथा मेशिनरी औजार) को विवरण

उद्योगको क्षमता:

अन्य भौतिक पुर्वाधार र तिनको क्षमता: मेशिनरी उपकरणहरु:

कार्यालय: सेड हाउस सख्या:

११. अनुसुची ३ मा उल्लेख भएको विवरणहरु अनिवार्यरुपमा पेश गर्नु पर्नेछ। आंशिक र अपुर्णरुपमा पेश भएका एवं समय सिमा भित्र दर्ता नभएका प्रस्तावहरुको मुल्याङ्कन हुने छैन।

अन्य विवरण (केहि विवरण स्पष्ट पार्नु पर्ने भएमा):
उपर्युक्त विवरणहरु जाने बुझे सम्म सहि छ, यदि झुटो ठहरिएमा निवेदन स्वत: खारेज भई सो अनुसार कारबाही भएमा कानुन बमोजिम सहुँला बुझाउँला:

| | |
|---|---|
| साक्षी: | निबेदक: |
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| मिति: | मिति: |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची -३

## संलग्न गर्नु पर्ने कागज पत्रहरु

१. कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि । नविकरण आवश्यकता भएमा सो समेत

२. विधान/प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि ।

३. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि । एक वर्षभन्दा पुरानो कम्पनीको हकमा गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदन ।

४. जमिनको स्वामित्व कम्पनी/प्रोप्राइटरको नाममा रहेको लालपुर्जा र Trace नक्सा ।

५. आगामी १० वर्षको लागि ब्यवसायिक योजना (Business Plan) ।

६. नियमानुसार प्रारम्भिक वातावरणिय मूल्याङ्कन (Initial Environmental Examination) भएको वा सो गर्नका लागि कार्य सुची (Terms of Reference) कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा दर्ता भएको र छनौट भई सम्झौता हुनु पूर्व वातावरणिय मूल्याङ्कन सम्बन्धि प्रतिवेदन प्राप्त गरी सफल ठहर भएको हुनुपर्ने छ ।

८. पूर्वाधार विकासका (भवन, सेड हाउस, मेशिनरी औजार) को ईन्जिनियरिङ्ग डिजाईन सहितको नक्सा तथा लागत अनुमान ।

९. जग्गाको लालपूर्जा वा लिजमा लिएको जग्गा भए संझौताको प्रतिलिपि ।

१०. आवेदक कम्पनीले गर्नु पर्ने लगानीको लागि सम्बन्धित बैंकको आशय पत्र (Letter of Intent) ।

११. सम्भाव्यता अध्ययन, उद्देश्य तथा आवश्यकता, भौतिक पुर्वाधार, क्षमता, सञ्चालन पुंजि, ब्यवसायिक योजना सहितको पूर्ण आयोजना प्रतिवेदन (Detailed Project Report) २ प्रति ।

१२. प्रस्तावित उद्योगका लागि आवश्यक पर्ने मेशिनरी औजार निर्माण सम्बन्धी कार्यमा संलग्न अनुभव प्राप्त स्वदेशी/विदेशी supplier/फर्म/कम्पनीको अनुभव र कोटेशन

१३. उद्योग स्थापना पूर्वाधार विकास निर्माण गर्ने कार्यतालिका ।

१४. प्रस्ताव छनौट भए पछि कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहको मापदण्ड अनुसार नक्सा पास भएको प्रमाण।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसुची -४

## प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु

| सि.नं. | आधार | अङ्क भार | कारण |
|---|---|---|---|
| १. | **जग्गा/बिजुली/सडक** | ३० | |
| १.१ | जग्गा | २० | |
| १.१.१ | कम्पनीको नाममा जग्गा भएको | २० | |
| १.१.२ | प्रोप्राइटरको नाममा जग्गा भएको | १५ | |
| १.२ | बिजुली र सडक | | |
| १.२.१ | सडक | वढिमा ५ | |
| १.२.२ | बिजुली | वढिमा ५ | |
| २. | डिजाइन/डिटेल इस्टिमेट | २५ | |
| २.१ | उत्तम | २३.०-२५.० | |
| २.२ | राम्रो | २०.०-२२.९ | |
| २.३ | सामान्य | १७.५-१९.९ | |
| ३. | व्यवसायिक योजना/दिगोपना/प्रस्तावको आधार | २५ | |
| ३.१ | उत्तम | २३.०-२५.० | |
| ३.२ | राम्रो | २०.०-२२.९ | |
| ३.३ | सामान्य | १७.५-१९.९ | |
| ४. | लगानीको आधार (%)/Letter of intent सहित | १० | |
| ४.१ | ४०% भन्दा वढी | १० | |
| ४.२ | ३५%-३९.९०% | ८ | |
| ४.३ | ३०-३४.९% | ६ | |
| ५. | खाद्य प्रशोधन तथा क्यानिङ्ग प्याकेजिङ्ग उद्योग स्थापना सम्बन्धी कार्यमा संलग्न हुने स्वदेशी / विदेशी सप्लायर्स / फर्म/कम्पनीको प्रस्ताव सम्बन्धि कोटेशन तथा अनुभव | १० | |
| ५.१ | ५ वर्ष भन्दा वढी अनुभवि कम्पनी | १० | |
| ५.२ | ३ देखि ४ वर्ष अनुभवि कम्पनी | ८ | |
| ५.३ | ३ बर्ष भन्दा कम अनुभवि कम्पनी | ६ | |
| | जम्मा:(१+२+३+४+५) | १०० | |

नोट:

क) प्रतिश्पर्धी कम्पनीहरुको मूल्याङ्कन अंक बराबर भएमा नेपाल सरकारबाट कम अनुदान रकम माग गर्ने प्रस्तवलाई प्राथमिकता दिईनेछ ।

ख) ईन्जिनियरिङ्ग डिजाईन स्टिमेट तथा व्यवसायिक योजना प्रस्ताव सफल ठहर भएका प्रस्तावदाताहरुको मात्र स्थलगत (जग्गा, बाटो र विद्युत) अनुगमन गरिने छ र स्थलगत निरिक्षणमा उपयुक्त ठहर भएमा संझौता गरिनेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसुची -५

## प्रतिवद्धता पत्र

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको मिति ............... को सूचना अनुसार क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना गर्न ईच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमकव कार्य गर्ने गरी घटीमा ................ बर्ष सम्म निरन्तरता दिनेछु/ दिनेछौ ।कार्य योजना अनुसारको कार्य नगरेमा वा ................ बर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/ गर्दछौ अन्यथा प्रचलित ऐन कानून बमोजिम सहुँला / बुझाउँला ।साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नरगेको र सन्चालित कृयाकलापबाट वतावरणलाई असर नपु-र्याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु/ गर्दछौ । ईतिसम्वत २०७.............. गते रोज ......... शुभम् ।

सचिव